# लोक सेवा आयोग, केन्द्रीय कार्यालय, कमलपोखरी

## सिलबन्दी दरभाउपत्र/बोलपत्र आह्वान सम्बन्धी सूचना

सूचना नं १८५/२०८१/०८२

(गोरखापत्रमा प्रथम पटक प्रकाशित मिति: २०८१/०४/३०)

आ.व.२०८१/०८२ मा आयोगलाई आवश्यक पर्ने तपसिलमा उल्लेखित वस्तु तथा सेवा सिलबन्दी दरभाउपत्र/बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र/बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. दरभाउपत्र/बोलपत्र फाराम खरिद गर्न इच्छुक फर्म, संस्था वा कम्पनीले प्रथम पटक सूचना प्रकाशित भएको मितिले बोलपत्रको हकमा ३० औं दिन र दरभाउपत्रको हकमा १५ औं दिनसम्म कार्यालय समयभित्र चालु आ.व. को लागि नवीकरण भएको फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, व्यवसाय दर्ताको इजाजतपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र एवम् आ.व.०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्वयम् घोषणा पत्रहरु अनिवार्य रुपमा संलग्न राखी लिखित निवेदन सहित बोलपत्रको हकमा रु.३,०००।- (रु.तीन हजार) (फिर्ता नहुने गरी) र सिलबन्दी दरभाउपत्रको हकमा रु.१,०००।- (रु.एक हजार) (फिर्ता नहुने गरी) राजस्व दस्तुर बुझाई यस आयोगको जिन्सी शाखा कमलपोखरीबाट खरिद गर्न सकिने छ ।

२. खरिद गरिएको दरभाउपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६औं दिन र बोलपत्र ३१औं दिन दिनको १२.०० बजे भित्र यस आयोगको नाममा सम्बोधन गरी दरभाउपत्र/बोलपत्र फाराम पेश गर्नेको नाम, ठेगाना र फोन नं. उल्लेख गरि सही छाप गरी सिलबन्दी लाहाछाप लगाई खामको बाहिर कामको विवरण, ठेक्का नं. समेत उल्लेख गरी बुँदा नं १ मा उल्लेख भएका शर्तहरुको अधीनमा रहि सो बमोजिमका कागजातहरु संलग्न राखी यस आयोगको प्रशासन शाखामा दर्ता गराइसक्नु पर्नेछ । सो सिलबन्दी दरभाउपत्र/बोलपत्र दर्ता गर्ने अन्तिम दिन दिनको २.०० बजे बोलपत्रदाता/दरभाउपत्रदाता वा निजहरुले अख्तियारनामा दिई पठाएका प्रतिनिधीहरु समेतको रोहबरमा खोलिने छ । सिलबन्दी दरभाउपत्रदाता/बोलपत्रदाता वा निजका प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र/दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. सिलबन्दी बोलपत्र/दरभाउपत्र साथ जमानत वा तपसिलमा उल्लेख गरे बमोजिमको जमानत रकम कार्यालय कोड २१-०००-३५०१ र कोष तथा लेखा नियन्त्रक समन्वय कार्यालय, थापाथलीको नाममा नेपाल राष्ट्र बैंक, थापाथलीमा रहेको धरौटी खाता नं.१२०-१२००-००१-००२५२४ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा यस आयोगको नाममा जारी गरिएको बोलपत्र दाखिला हुने अन्तिम दिनबाट गणना हुने गरि बोलपत्रको हकमा १२० दिन र दरभाउपत्रको हकमा ९० दिन अवधि (Validity) रहेको सक्कल बैंक जमानीपत्र (Unconditional Bid bond) संलग्न गरी पेश गर्नुपर्ने छ ।

४. म्याद नाघी आएको वा रीत नपुगेको वा कुनै पनि शर्त राखी पेश गरेको सिलबन्दी बोलपत्र/दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

५. बोलपत्र/दरभाउपत्र सम्बन्धी सम्पूर्ण कुराहरु यसमा लेखिए बमोजिम र यसमा उल्लेख नभएको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

६. बोलपत्र/दरभाउपत्र खरिद गर्ने तथा पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा उल्लेखित कार्यहरु सो को भोलिपल्ट कार्यालय खुलेको दिन हुनेछ ।

७. ठेक्का नं ८ को हकमा आवेदन दिने आवेदकले जिल्ला प्रशासन कार्यालयबाट छपाइ सम्बन्धी कार्य गर्नको लागि इजाजत प्राप्त गरेको हुनुपर्नेछ ।

८. बोलपत्र/दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस आयोगमा सुरक्षित रहने छ ।

९. प्रत्येक ठेक्का नं. को फरक फरक टेण्डर डकुमेन्ट खरिद गरी पेश गर्नुपर्नेछ । यस सम्बन्धी सूचना आयोगको website: www.psc.gov.np मा समेत हेर्न सकिने छ ।

१०. बोलपत्र/दरभाउपत्र सम्बन्धी अन्य कुराहरु बुझ्नु परेमा यस आयोगको जिन्सी शाखामा सम्पर्क गर्न सकिने छ ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | जमानत रकम रु. | दरभाउपत्र/बोलपत्र दस्तुर रु. | दरभाउपत्र/बोलपत्र खरिद गर्ने मिति | दरभाउपत्र/बोलपत्र दाखिला गर्ने मिति | दरभाउपत्र/बोलपत्रको प्रकार |
|---|---|---|---|---|---|---|---|
| १. | १/२०८१/०८२ | फोटोकपी पेपर | ४९,०००.०० | १,०००.०० | २०८१-०५-१२ कार्यालय समयभित्र | २०८१-०५-१३ दिनको १२:०० बजेभित्र | सिलबन्दी दरभाउपत्र |
| २. | २/२०८१/०८२ | फोटोकपी/प्रिन्टर टोनर कार्टेज | ४७,०००.०० | १,०००.०० | | | |
| ३. | ३/२०८१/०८२ | खाम तथा कपडाको थैला | ५०,०००.०० | १,०००.०० | | | |
| ४. | ४/२०८१/०८२ | स्टेशनरी तथा मसलन्द सामान | ५०,०००.०० | १,०००.०० | | | |
| ५. | ५/२०८१/०८२ | ओ.एम.आर उत्तरपुस्तिका | ३८,०००.०० | १,०००.०० | | | |
| ६. | ६/२०८१/०८२ | शुद्ध पिउने पानी | २६,०००.०० | १,०००.०० | | | |
| ७. | ७/२०८१/०८२ | कार्यालय भवनको सरसफाई (जनशक्ति खटाई) | ४९,०००.०० | १,०००.०० | | | |
| ८. | ८/२०८१/०८२ | उत्तरपुस्तिका तथा अन्य छपाइ | १,१७,०००.०० | ३,०००.०० | २०८१-०५-२७ कार्यालय समयभित्र | २०८१-०५-२८ दिनको १२:०० बजेभित्र | सिलबन्दी बोलपत्र |